कोशी प्रदेश सरकार

खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय

## जलस्रोत तथा सिंचाइ विकास डिभिजन, झापा

# नागरिक वडापत्र

| सि.नं. | सेवा | विवरण |
|---|---|---|
| १. | सेवा उद्देश्य | झापा जिल्लाका कृषियोग्य जमिनमा सिंचाइको लागि पानी पुऱ्याई कृषि उत्पादन बृद्धि गर्न सहयोग पुऱ्याउने |
| २. | सेवाको प्रकार | क. नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने<br>ख. निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत संभार एवं व्यवस्थापन गरी सिंचाइको लागि पानी उपलव्ध गराउने<br>ग. नदी नियन्त्रण सम्बन्धी कार्य गर्ने गराउने<br>घ. कृषकहरुलाई सिंचाइ सम्वन्धी प्राविधिक परामर्श सेवा उपलव्ध गराउने |
| ३. | सेवा प्रदान गर्ने कार्यालय र स्थान | जलस्रोत तथा सिंचाइ विकास डिभिजन, झापा मार्फत झापा जिल्ला भरि |
| ४. | कार्यगत प्रचार | योजना संचालन गर्नु अघि स्थानीय स्तरमा गरिने भेला गोष्ठी सिंचाइ विभागका प्रकाशनहरु, वार्षिक कार्यक्रम तथा प्रगति विवरणहरु |
| ५. | सेवाको गुणस्तर | स्वीकृत नर्म्स तथा स्पेसिफिकेशन तोकिए अनुसार |
| ६. | सूचनासम्म पहुँच | व्यक्तिगत सम्पर्क, कार्यालयको सूचना पाटी, टेलिफोन, वेवसाइट, पत्रपत्रिकाहरु तथा इन्टरनेटवाट |
| ७. | नयाँ योजना माँग | क. नयाँ तथा सुदृढिकरण गर्ने योजनाहरु माग गर्दा “योजना अनुरोध पत्र” भरी पेश गर्नु पर्ने र उक्त फारम यस डिभिजनको संस्थागत शाखा तथा यस डिभजिनको आधिकारिक वेबसाइटमा पनि उपलब्ध हुने |
| ८. | सेवाग्राही समुह | क. सिंचाइ उपभोक्ता कृषकहरु |
| ९. | सेवा उपलव्ध हुने प्रकृया | क. सिंचाइ सेवा उपलव्ध गर्न चाहने उपभोक्ताहरुको माग भए पछि पहिचान भएका योजनाहरु मध्येवाट प्राथमिकताका आधारमा विस्तृत संभाव्यता अध्ययन गर्दा संभाव्य देखिएका योजनाहरुलाई स्रोत व्यवस्था गरी निर्माण गरिने<br>ख. सिंचाइ योजनाहरुको मर्मत संभारको लागि उपभोक्तावाट माग भए पछि संभाव्यता अध्ययन गरी प्राथमिकताका आधारमा स्रोतको व्यवस्था गरी मर्मत संभार गरिने<br>ग. जनसहभागिता परिचालन गरी निर्माण सुदृढीकरण तथा मर्मत गरिने योजनाहरुमा सिंचाइ नीतिमा उल्लेख भए अनुसार जनसहभागिता हुने |
| १०. | सेवा वापत लाग्ने | क. उपभोक्ता संस्था नयाँ दर्ता गर्दा रु. १००।०० र विलम्व शुल्क तिरी नविकरण गर्दा थप दस्तुर |

| | | |
|---|---|---|
| | दस्तुर | रु.१००।०० को नगदी रसिद काट्नु पर्नेछ<br>ख. उपभोक्ता संस्था दर्ता गर्न आउदा तथा अन्य सेवाका लागि निवेदनमा रु. १०।०० को टिकट अनिवार्य टाँस्नु पर्नेछ<br>ग. पानीपोत लगत अनुसार उपभोक्ताहरुले सिंचित जग्गाको पानीपोत बुझाउनु पर्नेछ<br>घ. अन्य कामको लागि नियमानुसार तोकिए बमोजिमको रकम दस्तुर वापत लाग्नेछ |
| ११. | ११ लाग्ने समय | क. उपभोक्ता संस्थाको नयाँ दर्ता गर्नकोलागि आवश्यक कागज पत्र संलग्न भई आएमा ७ दिन र नविकरण कार्यगर्न आवश्यक कागज पत्र संलग्न भई आएमा दुई दिन भित्र सम्पन्न गरिनेछ<br>ख. उपभोक्ताहरु सिंचित जग्गाका पानीपोत बुझाउन आएमा सोही दिन बुझिलिईने<br>ग. कार्यालयवाट जनतालाई प्रदान गरीने सेवा र सुविधामा प्रभावकारिता ल्याउने आम नागरिकहरुको हुनसक्ने काम नियमानुसार सोही दिननै गरिनेछ |
| १२. | सम्वन्धित ऐन नियम | क. जलस्रोत ऐन र जलस्रोत नियमावली<br>ख. सिंचाइ नियमावली, सिंचाइ नीति र सिंचाइ कार्यविधि निर्देशिका<br>ग. आर्थिक प्रशासन नियमावली<br>घ. अन्य प्रचलित ऐन नियमहरु |
| १३. | सम्पर्क राख्नु पर्ने व्यक्ति | क. कार्यालयको हकमा डिभिजन प्रमुख<br>ख. प्राविधिक परामर्शको हकमा इन्जिनियर, सव-इन्जिनियर<br>ग. लेखा सम्वन्धी कामको लागि आर्थिक प्रशासन शाखा<br>घ. अन्य प्रशासनिक कामको लागि प्रशासन शाखा<br>ङ. संस्था दर्ता तथा नविकरणको लागि संस्थागत विकास शाखा (सि.ए.ओ.) |
| १४. | उजुरी गुनासो सुन्ने व्यक्ति | क. डिभिजन प्रमुख<br>ख. इन्जिनियरहरु |
| १५. | उजुरी गर्ने सरल प्रकृया | क. मौखिक तथा लिखित<br>ख. उजुरी पेटीकामा उजुरी निवेदन हालेर तथा यस डिभिजनको वेबसाइटमा रहेको सम्पर्क |
| १६. | गुनासो सुनुवाई र समाधान | गुनासोको आधारमा तुरुन्त सुनुवाई गरी समाधानको लागि यथासिघ्र पहल गरिनेछ |
| १७. | सोधपुछ | प्रशासन शाखा |